बैठक संख्या - ५५

आज मिति २०७५ साल मंसिर ४ गतेका दिन यस राप्ती सोनारी गाउँपालिकाको बैठक अध्यक्ष श्री लाहुराम थारुज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति

| क्र.श | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री लाहुराम थारु | अध्यक्ष | |
| २ | श्री धनिकुमारी खत्री | उपाध्यक्ष | |
| ३ | श्री चन्द्र बहादुर वली | १नं. वडा अध्यक्ष | |
| ४ | श्री मदन कुमार वली | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री गंगाराम थारु | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री कान्छा थारु | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री झगरु थारु | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री जनक बहादुर थारु | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री रामलखन थारु | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री खुम बहादुर बस्नेत | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री महाँवीर वली | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री नैना कुमारी खत्री | कार्यपालिका सदस्य | |
| १३ | श्री मिना कुमारी बिष्ट | कार्यपालिका सदस्य | |
| १४ | श्री लिला नेपाली | कार्यपालिका सदस्य | |
| १५ | श्री दमकला जैसी | कार्यपालिका सदस्य | |
| १६ | श्री पतरी दमाई | कार्यपालिका सदस्य | |
| १७ | श्री देवराज कुमाल | कार्यपालिका सदस्य | |
| १ | श्री टोपेन्द्र बहादुर के.सी | प्रमुख प्रशासकीय अधिकृत (उप सचिब) | |

प्रमुख प्रशासकीय अधिकृत
रा.प.द्वितीय

लाहुराम थारु
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत
रा.प.द्वितीय

<u>निर्णय नं १</u>

प्रदेश नं. ५ वुटवल को नदीजन्य पदार्थ ब्यवस्थापन कार्यविधि, २०७५ को दफा १८ मा भएको ब्यवस्था अनुसार स्थानीय स्तरमा नदीजन्य पदार्थको उत्खनन् संङ्कलन, भण्डारण, क्रसिङ, प्रशोधन र बिक्रि वितरण गर्ने कार्यको कार्यन्वयन समन्वय अनुगमन र नियम गुनस्तर सुनिश्चत गर्ने तपसिलको स्थानीय अनुगमन समिति गठन गर्ने ।

तपसिल

| | |
|---|---|
| १ लाहुराम थारु | - अध्यक्ष |
| २ धनी कुमारी खत्री | - सदस्य |
| ३ चन्द्र बहादुर वली | - सदस्य |
| ४ मदन कुमार वली | - सदस्य |
| ५ गंगाराम थारु | - सदस्य |
| ६ कान्छा थारु | - सदस्य |
| ७ झगरु थारु | - सदस्य |
| ८ जनक बहादुर थारु | - सदस्य |
| ९ रामलखन थारु | - सदस्य |
| १० खुम बहादुर बस्नेत | - सदस्य |
| ११ महावीर वली | — सदस्य |
| १२ नैनी कुमारी खत्री | — सदस्य |
| १३ मिना कुमारी विष्ट | — सदस्य |
| १४ लिला नेपाली | - सदस्य |
| १५ पदमकला जैसी | - सदस्य |
| १६ पतरी दमाई | - सदस्य |
| १७ देवराज कुमाल | — सदस्य |
| १८ सव डिभिजन वन कार्यालय धामपुरको प्रतिनिधि | — सदस्य |
| १९ ई.प्र.का कोहलपुरले तोकेको प्रतिनिधि | - सदस्य |
| २० सशस्त्र प्रहरी बलको प्रतिनिधि | - सदस्य |
| २१ प्राविधिक शाखा प्रमुख (ईन्जिनियर) | - सदस्य |

उक्त समितिले गाउँपालिका भित्रका सबै नदि खोलाहरुको नियमित अनुगमन गर्ने र अनुगमनको क्रममा नदीजन्य पदार्थको अवैध उत्खनन् तथा चोरी निकासी गर्ने गरेको र उक्त कार्यमा उपकरण प्रयोग गरेको पाईएमा गाउँपालिकाको आन्तरिक आयमा जम्मा हुने गरि निम्न अनुसारको रकम जरिवाना तोक्ने ।

प्रमुख प्रशासकीय अधिकृत
रा.प.द्वितीय

लाहुराम थारु
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत
रा.प.द्वितीय

क. जेसिबी लगायतका उपकरण प्रयोग गरेमा प्रति उपकरण रु. ७५०००।— (पचहत्तर हजार)

ख. जेसिबी लगायतका उपकरण सहित टिप्पर भए प्रति टिप्पर रु. २५०००।— (पचीस हजार)

ग. जेसिबी लगायतका उपकरण सहित टयाक्टर भए प्रति टयाक्टर रु. १५०००।— (पन्ध्र हजार)

घ. टिप्पर मात्र भए प्रति टिप्पर रु. २००००।— (बीस हजार)

ङ. टयाक्टर मात्र भए प्रति टयाक्टर रु. ८०००।— (आठ हजार)

**निर्णय नं २**

यस रासी सोनारी गाउँपालिका वडानं. २ स्थित गौशालाको मलमुत्र संकलनबाट वायो ग्याँस प्लान्ट सर्भे गर्न मेचीकाली गोवर ग्याँस तथा सौर्य उर्जा विकास कम्पनी प्रा.ली. को प्रस्तावना स्वीकृत गरी उत्पादन गर्ने कार्यगर्न सम्झौता गरि कार्य आदेश दिने ।

**निर्णय नं. ३**

मिति २०७५/७/२६ को कार्यपालिकाको बैठक संख्या ५४ को निर्णय नं ४ कृषि / पशु कार्यक्रम नीति निर्माण र ब्यवस्थापनका लागि गठन भएको समितिमा वडा नं ७ का वडा अध्यक्ष श्री राम लखन थारुलाई समितिको सदस्यमा थप गर्ने ।

**निर्णय नं. ४**

यस गाउँपालिका कार्यालयमा खाने पानीको समस्या रहेकाले खानेपानी शिर्षकबाट खर्च हुने गरि चिलिङ्ग वाटर निर्माणका लागि प्रक्रिया अगाडि बढाउने ।

**निर्णय नं ५**

यस गाउँपालिकामा संचालन हुने योजनाहरुको रेखदेख गर्नको लागि कन्टेजेन्सी रकमबाट खर्च हुने गरि गत आ.व देखि काम गर्दै आएका रासी सोनारी गाउँपालिका वडा नं. ३ बस्ने श्री सितल चौधरीलाई दैनिक ज्यालादारीमा कामलगाई चालु आ.व मा समेत निरन्तरता दिने ।

**निर्णय नं ६**

यस गाउँपालिका अन्तर्गत वडानं. ३ को सेल्टर भवन निर्माण कार्य सम्पन्न भएको हुदा सो को विल भरपाई अनुसारको रकम भुक्तानी दिने ।

**निर्णय नं. ७**

यस गाउँपालिका भित्रका १७ (सत्र) वटा बिभिन्न योजना / आयोजनाहरु तराई मधेश समृद्धि कार्यक्रम अन्तरगत संचालन गर्न स्वीकृतिका लागि केन्द्रीय निर्देशक समिति काठमाण्डौमा सिफारिस गरि पठाउने ।

प्रमुख प्रशासकीय अधिकृत
रा.प.द्वितीय

लाहुराम थारु
अध्यक्ष